शिलबन्दी दरभाउपत्र प्रक्रियाबाट वन पैदावार लिलाम बिक्री सम्बन्धी सूचना

तेस्रो पटक सूचना प्रकाशित मितिः २०८२/११/२६ गते

यस सामुदायिक वन उपभोक्ता समूहको मिति २०८२/१०/१२ गतेको मेचीकाली राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशीत सुचना बमोजिम साल, धौटी, बर्रो, प्रजातिका २४८ थानको १९२०.३५ परिमाण भएको लट नं. ५ मा रितपूर्वक पुग्न आएका बोलपत्रहरुमा पुनः प्रतिस्पर्धा नभएको हुदा तेस्रो पटक सुचना प्रकाशित गरिएको हो। ईच्छुक वन पैदावारको लिलाम बिक्रीमा भाग लिनका लागि डिभिजन वन कार्यालयमा सुचीकृत भएका सःमिल वा कम्पनीले यो तेस्रो पटक सुचना प्रकाशित भएको मितिले १५ (पन्धै) दिनभित्र शिलबन्दी बोलपत्र खरिद गर्न र १६ दिनभित्र शिलबन्दी बोलपत्र दर्ता गर्न आह्वान गरिन्छ। यस सम्बन्धी बिस्तृत जानकारीको लागी यस सामुदायिक वन उपभोक्ता समूहको कार्यलयमा सम्पर्क राख्न सकिनेछ। पुर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटिमा टाँस गरिएको छ।

श्री जनमुखी सामुदायिक वन उपभोक्ता समूह

राप्तीसोनारी-०२, बाँके

प्रतिनिधिसभा निर्वाचन इतिहासकै व्यवस्थित र शान्तिपूर्णः आइजिपी कार्की

काठमाडौं, फागुन २५ । प्रतिनिधिसभा सदस्य निर्वाचन २०७९ को तुलनामा २०८२ को निर्वाचन शान्तिपूर्ण रहेको प्रहरी प्रधान कार्यालयले जनाएको छ । आपसी समन्वयमा सुरक्षा निकायको परिचालनले निर्वाचन शान्तिपूर्ण रहेको प्रहरीको भनाइ छ।

हालै सम्पन्न निर्वाचनमा सुरक्षा अवस्था, झडपका घटना, मानवीय क्षति, मतदान व्यवस्थापन र समग्र निर्वाचन प्रक्रिया सञ्चालनका दृष्टिले उल्लेखनीय सुधार देखिएको प्रहरी महानिरीक्षक दानबहादुर कार्की बताउँछन् । २०७९ को निर्वाचनमा देशका विभिन्न जिल्लामा राजनीतिक दलका कार्यकर्ता तथा समर्थकबीच थुप्रै झडपका घटनाहरू भएका थिए, जसका कारण कतिपय स्थानमा मतदान स्थगित गर्नुपर्ने अवस्था समेत सिर्जना भएको थियो।

त्यतिबेला बाजुरामा २ जना र कालिकोटमा २ जना गरी ४ जनाको मृत्युसमेत भएको थियो। त्यस्तै इलाम, सप्तरी, दोलखा, दाङ, नवलपरासी पश्चिम, हुम्ला, दार्चुला, ललितपुर, तनहुँ, म्याग्दी, खोटाङ र भोजपुरमा गरी २३ जना मानिस घाइते भएका थिए।

यस्तै, ताप्लेजुङ, इलाम, भोजपुर, उदयपुर, सिरहा, कास्की, नवलपरासी पश्चिम, दाङ, दैलेख, मुगु, दार्चुला लगायतका जिल्लामा विष्फोटक पदार्थ राखेर निर्वाचन प्रक्रिया बिथोल्ने प्रयास भएको थियो। ताप्लेजुङ, ओखलढुंगा, सप्तरी, चितवन, धादिङ, सिन्धुली, रामेछाप, दोलखा, सिन्धुपाल्चोक, गोरखा, कास्की, तनहुँ, म्याग्दी, गुल्मी, अर्घाखाँची, रुकुम पश्चिम, सुर्खेत, दैलेख, जाजरकोट, हुम्ला, कालिकोट, जुम्ला, डोल्पा, कञ्चनपुर, डडेल्धुरा, दार्चुला, बझाङ, कैलाली र ललितपुरमा गरी ५० स्थानमा झडपका घटनाहरू भएका थिए । यस बाहेक उदयपुर, दोलखा र सिन्धुपाल्चोकमा बुथ कब्जा हुनुका साथै देशभरका ६२ मतदान स्थलमा निर्वाचन कार्य अवरुद्ध हुन पुगेको थियो।

'हालै सम्पन्न निर्वाचनमा सुरक्षा निकायको व्यवस्थापन चुस्त, दुरुस्त र व्यवस्थित भएका कारण समग्र निर्वाचन प्रक्रिया शान्तिपूर्ण वातावरणमा सम्पन्न

हुन सफल भएको हो,' कार्कीले भने, 'मतदान केन्द्रहरूमा सुरक्षाकर्मीको उपस्थितिलाई व्यवस्थित, सक्रिय र प्रभावकारी बनाइएपछि कुनै पनि स्थानमा ठूलो झडप वा हिंसात्मक घटना हुनबाट जोगिएको हो ।' मतदानका क्रममा कतिपय स्थानमा सामान्य विवाद उत्पन्न भए पनि सुरक्षामा खटिएका प्रहरीले संयमित र प्रभावकारी रूपमा तत्कालै स्थिति नियन्त्रणमा लिएर अवस्था सामान्य बनाएको कार्कीले बताए।

विशेषगरी जेनजी आन्दोलनको समयमा अप्रत्यासित क्षति बेहार्न पुगेको नेपाल प्रहरीको खस्किएको मनोबल, लुटिएका हतियार र कारागारबाट फरार कैदीबन्दीको विषयलाई लिएर अनेकौं शंका उत्पन्न भएको अवस्थामा आफूले सकलदर्जामा काम गर्ने हौसला दिएको कार्की बताउँछन् । 'सातै प्रदेशमा प्रहरी अतिरिक्त महानिरीक्षकहरू परिचालन गरी संवेदनशील जिल्लाहरूमा माथिल्लो दर्जाका अधिकृतहरूको अनुगमन र सुपरीवेक्षण सुनिश्चित गरिएकाले सुरक्षा व्यवस्था थप मजबुत हुन पुगेको हो,' कार्कीले भने।

मानवीय क्षतिको दृष्टिले पनि २०७९ को तुलनामा २०८२ को निर्वाचन अत्यन्तै शान्तिपूर्ण देखिएको उनले बताए । कार्कीका अनुसार गएको निर्वाचनमा देशका विभिन्न स्थानमा मानिसको मृत्यु र घाइते भएका घटनाहरू सार्वजनिक भएका थिए भने हालै सम्पन्न निर्वाचनमा त्यस्ता अप्रिय घटना दोहरिन पाएनन्। मतदान स्थगन र पुनः मतदानको सन्दर्भमा पनि गत निर्वाचनको तुलनामा यस निर्वाचनमा उल्लेखनीय सफलता प्राप्त भएको उनले बताए।

'अघिल्ला निर्वाचनका अनुभव, सुरक्षा निकायहरूको प्रभावकारी समन्वय, मतदाता तथा राजनीतिक दलको सचेतना र निर्वाचन व्यवस्थापनका समग्र पक्षमा गरिएको सुधारले २०८२ फागुन २१ गतेको निर्वाचनलाई तुलनात्मक रूपमा इतिहासकै व्यवस्थित र शान्तिपूर्ण निर्वाचनका रूपमा स्थापित गरेको छ,' कार्कीले भने, 'नेपाल प्रहरीको अनुशासित, समर्पित परिचालन र दूरदर्शी सुरक्षा योजनाले निर्वाचनलाई भयरहित वातावरणमा सम्पन्न गराउन निर्णायक साबित भएको छ।'

यी हुन् ३५ वर्षमुनिका सांसद

काठमाडौं, फागुन २५ । गत भदौ २३ र २४ गतेको 'जेनजी' आन्दोलनपछि सिर्जित विशेष राजनीतिकपरिस्थितिबीचसम्पन्नभएको प्रतिनिधिसभा सदस्य निर्वाचनको परिणाम आउने क्रम अन्तिम चरणमा रहेको छ । अधिकांश निर्वाचन क्षेत्रको नतिजा आइसकेको छ भने समानुपातिकतर्फको मतगणना प्रक्रिया अझै जारी छ । तर,यसपटकको निर्वाचनले नेपाली राजनीतिमा नयाँ पुस्ताको बलियो प्रवेश गराएको छ।

यसपटक प्रतिनिधिसभा सदस्यको निर्वाचनमा ३५ वर्षमुनिका युवाले उल्लेखनीय सफलता हात पारेका छन् । पुराना पुस्ताको बाक्लो उपस्थिति रहेको संसद्मा अब भने नयाँ पुस्ताको उपस्थिति बाक्लो देखिने भएको छ। विशेषगरी राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) बाट उम्मेदवारी दिएका धेरै युवा पुस्ताले विभिन्न निर्वाचन क्षेत्रमा प्रभावशाली मतसहित विजय हासिल गरेका छन्। उनीहरूको जितले नयाँ सोचलाई अवसर दिन चाहेको सन्देश पनि दिएको छ।

अब संसद्मा प्रवेश गरेका यी युवा सांसदहरूले जनताले राखेको अपेक्षा कत्तिको पूरा गर्न सक्छन् भन्ने हेर्न बाँकी नै छ । यस निर्वाचनको परिणामले नेपाली राजनीतिमा पुस्तान्तरणको बहसलाई नयाँ ऊर्जा भने पक्कै दिएको छ। राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) बाट ३५ मुनिका २० जना उम्मेदवार निर्वाचित भएका छन् ।

यसैगरी, नेपाली कांग्रेसबाट एक, श्रम संस्कृति पार्टीबाट एक, राष्ट्रिय प्रजातन्त्र पार्टीबाट एक जना गरी यसपटक २३ जना ३५ वर्षमुनिका उम्मेदवारले प्रत्यक्ष चुनाव जितेका छन् । ३५ वर्षमुनिका सांसदको अग्रसूचीमा छन्, ३० वर्षीया सोविता गौतम। दोलखाको तामाकोशी गाउँपालिका जामुनेमा जन्मिएकी राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को केन्द्रीय सदस्य रहेकी गौतम चितवन-३ बाट विजयी भएकी छन्।

उनले ५९ हजार २७७ मत ल्याएर विजयी भएकी हुन् । गौतमकै निकतम प्रतिस्पर्धी रेणु दाहालले २० हजार ६१५ मत प्राप्त गरेकी थिइन् । ३० वर्षको उमेरमा उनी दोम्रोपटक प्रतिनिधिसभाको सांसद बनेकी छन् । उनले २०७९ सालको प्रतिनिधिसभामा काठमाडौं-२ बाट जित हासिल गरेकी थिइन् । कानुनमा स्नातक गरेकी अधिवक्ता गौतमले अत्यधिक मतका साथ विजयी भइन्।

पैंतीस वर्षमुनिकै अर्का सांसद हुन्, सुलभ खरेल। २०५४ साल भदौ बुटवलमा जन्मिएका खरेल २८ वर्षको उमेरमा नै सांसद बन्ने अर्को उम्मेदवार हुन् । उनी प्रतिनिधिसभा सदस्यको चुनावमा रूपन्देही-२ बाट ५६ हजार ५५० मत ल्याएर विजयी भए। उनका निकटतम प्रतिस्पर्धी पूर्वअर्थमन्त्री रहेका नेकपा (एमाले) का उम्मेदवार विष्णु पौडेलले १२ हजार ८६१ मत ल्याएका थिए । खरेलले नेपाल ल क्याम्पसबाट पाँचवर्षे बिए-एलएलबी अध्यायन गरेका छन् । प्रतिनिधिसभा सदस्य निर्वाचनमा मोरङ क्षेत्र नम्बर ६ मा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को उम्मेदवार रुविना आचार्य विजयी भएकी छन् । विराटनगरमा जन्मिएकी आचार्यले ५५ हजार ५१३ मत ल्याउँदा उनका निकटतम प्रतिस्पर्धी नेपाली कांग्रेसका उम्मेदवार डा. शेखर कोइरालाले १२ हजार ८५० मत ल्याएका थिए।

यसैगरी, राष्ट्रिय स्वतन्त्र पार्टीबाट काभ्रेपलाञ्चोक निर्वाचन क्षेत्र नम्बर २ मा प्रतिनिधिसभा सदस्यको चुनावमा बदनकुमार भण्डारी विजयी भएका छन् । भुम्लु गाउँपालिका-२ मा जन्मिएका बदनले ५३ हजार ३४४ मतसहित विजयी भएका हुन् । उनका निकटतम प्रतिस्पर्धी नेपाली कांग्रेसका उम्मेदवार मधुप्रसाद आचार्यले १७ हजार ८६८ मत ल्याएका थिए। भण्डारी ई-कमर्स व्यवसायी तथा मिडियाकर्मी समेत हुन् । ३३ वर्षीय भण्डारीले स्नातक (बिए) उत्तीर्ण गरेका छन् । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का तर्फबाट अध्ययन गरेका छन्।

अट्ठाइस २८ वर्षीय बब्लु गुप्ता पनि निर्वाचित भएका छन् । उनले सिरहा निर्वाचन क्षेत्र नम्बर १ बाट राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का तर्फबाट प्रतिनिधिसभा सदस्यमा विजय हासिल गरेका हुन्। सामाजिक सेवामा सक्रिय गुप्ताले स्नातकसम्मको अध्ययन पूरा गरेका छन्। उनले ४१ हजार ३२२ मतसहित विजय हासिल गरेका हुन्। उनका निकटतम प्रतिस्पर्धी नेपाली कांग्रेसका रामसुन्दर चौधरीले नौ हजार ७७४ मत ल्याएका थिए।

रास्वपाबाटै ३५ वर्षमुनिका निर्वाचित उम्मेदवारमध्ये अर्को नाम हो सन्तोष राजवंशी । ३४ वर्षीय राजवंशी मोरङ-४ बाट विजयी भए। सिराहा-२ बाट रास्वपाकै ३० वर्षीया शिवशङ्कर यादव पनि निर्वाचित भए। रास्वपाबाटै ३३ वर्षीय तपेश्वर यादव पनि सिरहा निर्वाचन क्षेत्र नम्बर ४ बाट निर्वाचित भइसकेका छन्। रास्वपाबाटै

झापा क्षेत्र नम्बर १ बाट निर्वाचित २९ वर्षीया निशा डाँगी पनि कलिलो उमेरमा नै सांसद बनिन् । उनी २०७९ को प्रतिनिधिसभा सदस्यमा समानुपातिकबाट सांसद बनेकी थिइन्। डाँगीले यसपटक प्रत्यक्षतर्फको उम्मेदवार बन्ने अवसर पाइन्। उनले ४५ हजार ६८० मतसहित विजय हासिल गरिन् । डाँगीका निकटतम प्रतिस्पर्धी नेपाली कांग्रेसका उम्मेदवार केशवराज पाण्डेले १० हजार ५५० मत ल्याएका थिए।

विसं.२०५३ मा झापाको भद्रपुर नगरपालिकामा जन्मिएकी डाँगीले काठमाडौंको जया मल्टिपल क्याम्पसबाट सामाजिक कार्यमा स्नातक र त्रिभुवन विश्वविद्यालयबाट पत्रकारितामा स्नातकोत्तर गरेकी छन्।

२६ वर्षीय मनीष खनाल पनि राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का तर्फबाट नवलपुर क्षेत्र नम्बर २ बाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित भएका छन् । उनले ४१ हजार ३४७ मतसहित विजयी भएका हुन् । उनको निकटतम प्रतिस्पर्धी एमालेका उम्मेदवार तिलबहादुर महत क्षेत्रीले १५ हजार ७५५ मत ल्याएर उपविजेता भएका थिए। मध्यबिन्दु नगरपालिका-६ निवासी खनाल विसं.२०५६ असार ११ गते जन्मिएका हुन् । उनले नेपाल ल क्याम्पसबाट कानुन विषयमा स्नातक छन् । निर्वाचित हुने अर्का ३४ वर्षीय उम्मेदवारको अर्को नाम हो सागर ढकाल । रास्वपाकै तर्फबाट गुल्मी- १ बाट उनी निर्वाचित भएका छन् । गुल्मीको सत्यवती गाउँपालिका-६, पीपलनेटा स्थायी ठेगना भएको ढकाल पेसाले इन्जिनियर हुन्।

पैंतीस वर्षमुनिको अर्का सांसद हुन्, प्युठान- १ बाट निर्वाचित ३१ वर्षीय सुशान्त वैदिक। काठमाडौं- १ बाट निर्वाचित र ३५ वर्षमुनिका अर्को चर्चित नाम हो, रञ्जु न्यौपाने (दर्शना)। वैकल्पिक राजनीतिका रूपमा उदाएकी ३० वर्षीया रञ्जुले स्नातक तहसम्मको अध्ययन गरेकी छन्। रास्वपाकै अर्का निर्वाचित सांसद हुन्, ३४ वर्षीय सोम शर्मा। उनी बाग्लुङ-२ बाट निर्वाचित भएका हुन् । रास्वपाकै तर्फबाट स्याङ्जा-२ का उम्मेदवार झविलाल डुम्रेले २५ हजार ३५४ मत ल्याएर विजयी भए। राष्ट्रिय स्वतन्त्र पार्टीबाटै महोत्तरी-२ मा ३४ वर्षीय दीपककुमार साह निर्वाचित भएका छन्। महोत्तरी-३ बाट ३३ वर्षीय उज्ज्वलकुमार झा निर्वाचित भएका छन्।

काठमाडौं-५ बाट राष्ट्रिय स्वतन्त्र पार्टीका उम्मेदवार २९ वर्षीय सस्मित पोखरेल निर्वाचित भएका छन्। २०५२ फागुन १ गते काठमाडौंमा जन्मिएका पोखरेलले कानुनमा स्नातक गरेका छन् । उनी रास्वपाका केन्द्रीय सदस्य तथा सहप्रवक्ता हुन्।

काठमाडौं महानगरपालिका कार्यालयमा सह-विशेषज्ञ भएर काम गरेकापोखरेलकोमहानगरकासेवा-प्रवाह, कार्यक्रम/परियोजना कार्यान्वयन र नतिजा निकाल्ने कार्यान्वयन क्षमता छ। उनले काठमाडौं महानगरपालिकाका नगर प्रमुख बालेन्द्र शाहका सल्लाहकार भएर काम गरिसकेका छन् । पोखरेलले सांसद कार्यालयमा प्रमुख सहायक भएर काम गरिसकेका छन्।उनमानीति/अनुसन्धान,जनगुनासा व्यवस्थापन, टोली परिचालन र समन्वयमार्फत काम 'टुंग्याउने' कार्यालय व्यवस्थापन नेतृत्व छ।

मकवानपुर-२ मा राष्ट्रिय स्वतन्त्र पार्टीका २५ वर्षीय प्रशान्त उप्रेतीले चुनाव जितेका छन्। २०५७ सालमा मकवानपुरमा जन्मिएका उप्रेती पेसाले पर्यटन उद्यमी हुन्। उनले पर्यटन व्यवस्थापनमा स्नातक गरेका सप्तरी-२ का उम्मेदवार ३० वर्षीय रामजी यादव २८ हजार ४०४ मत ल्याएर विजयी भएका छन्।

कैलाली-२ का रास्वपा उम्मेदवार केपी खनालले १९ हजार ५७ मत ल्याएर विजयी भएका छन्। २६ वर्षीय खनालले १३ वर्षदेखि सामाजिक अभियानमा सक्रिय, 'क्लिन काष्ठमण्डप' र 'काठमाडौं ट्रयास कलेक्सन' जस्ता देशव्यापी सरसफाइ अभियानको नेतृत्व समेत गरेका छन् । 'मैना देवी फाउन्डेसन' मार्फत बाजुरामा अनाथालय स्थापना, कोरोनाकालमा २०० भन्दा बढी गरिब परिवारलाई सहयोग तथा 'भोकै छ हुम्ला' जस्ता मानवीय अभियानको नेतृत्व लिएका थिए। राष्ट्रिय स्वतन्त्र पार्टीका तर्फबाट सिराहा-४ बाट ३३ वर्षीय तपेश्वर यादव निर्वाचित भएका छन्। महोत्तरी-३ बाट ३३ वर्षीय उज्ज्वलकुमार झा निर्वाचित भएका छन्।

यसैगरी, प्यूठान-१ उम्मेदवार ३१ वर्षीय सुशान्त वैदिक निर्वाचित भएका छन् । नेपाली कांग्रेसबाट भने ३२ वर्षीय योगेश गौचन थकाली मुस्ताङ-१ बाट निर्वाचित भए। यसैगरी, जुम्ला-१ बाट राष्ट्रिय प्रजातन्त्र पार्टीबाट ३४ वर्षीय ज्ञानबहादुर शाही निर्वाचित भएका छन् । श्रम संस्कृति पार्टीबाट २९ वर्षीय आरेन राई खोटाङ-१ बाट निर्वाचित भएका छन्। रासस

'ए डिभिजन लिग' समयमै गर्न सम्भव छैनः एन्फा

काठमाडौं, फागुन २५। अखिल नेपाल फुटबल संघ एन्फाले कुनै पूर्वजानकारी र संवादबिना अप्रत्याशित रूपमा तालाबन्दी गरिएको आरोप लगाएको छ। नेपाल फुटबल खेलाडी संघले माग पूरा नभएको भन्दै एन्फाको मुख्यालयमा आइतबार तालाबन्दी गरेको थियो । सोही विषयमा प्रेस

विज्ञप्ति जारी गर्दै एन्फाले तालाबन्दी हुँदा 'ए' डिभिजन लिग समयमै गर्न असम्भव देखिएको जनाएको छ।

'शहीद स्मारक ए डिभिजन लिग र राष्ट्रिय लिग सञ्चालनका लागि एन्फा सहभागी क्लबहरू र खेलाडी संघबिच निरन्तर संवाद र समन्वय भई राष्ट्रिय लिग तय भएको र निर्धारित कार्यतालिकाअनुसार राष्ट्रिय लिग सम्पन्न भएको एक महिनापश्चात ए डिभिजन लिग सुरु गर्न एन्फा पूर्ण रुपमा प्रतिवद्ध रहेको र सोहीबमोजिम तयारी भइरहेको जानकारी गराउन चाहन्छौं,' विज्ञप्तिमा उल्लेख छ, 'तसर्थ खेलाडी संघको माग र त्रिपक्षीय सहमति तालाबन्दीको बिचमा सबै दैनिक प्रशासनिक गतिविधिहरू अबरुद्ध हुन गएको कारण कार्यान्वयन गर्न असम्भव देखिन्छ।'

क्लब र खेलाडी संघबिच संवाद र समन्वय भई तय गरिएको कार्यतालिकाअनुसार 'ए' डिभिजन लिग गर्न एन्फा प्रतिवद्ध रहेको एन्फाले जिकिर गरेको छ। तर, तालाबन्दी हुँदा दैनिक प्रशासनिक गतिविधि अबरुद्ध हुन गएको कारण सहमति कार्यान्वयन गर्न असम्भव देखिएको एन्फाको तर्क छ । खेलाडी संघको मागअनुसार अन्तर्राष्ट्रिय महिला च्याम्पियनसिप फुटबल प्रतियोगिताबाट फाइनल खेलको टिकटबापत केही रकम खेलाडी कल्याण कोषमा जम्मा गर्ने निर्णयमा संघ प्रतिबद्ध रहेको विज्ञप्तिमा उल्लेख गरेको छ।

यस्तै वर्तमान कार्यसमितिद्वारा घोषित पुरस्कार पूर्ण रुपमा भुक्तानी गरिसकिएको एन्फाको तर्क छ । 'अघिल्लो विभिन्न कार्यसमितिले निर्णय गरी बाँकी रहेका पुरस्कार रकमको सन्दर्भमा आन्तरिक स्रोतबाट भुक्तानी गर्नुपर्ने हुँदा क्रमिक रुपमा आन्तरिक स्रोतको उपलब्धतासँगै भुक्तानी गर्दैजाने संघ प्रतिबद्धता व्यक्त गर्दछ,' विज्ञप्तिमा उल्लेख छ।

बालेनको चुनावी खर्च १४ लाख मात्रै

बुटवल, फागुन २५। राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का वरिष्ठ नेता बालेन्द्र शाह (बालेन) ले निर्वाचन आयोगमा चुनावी खर्च विवरण

बुझाएका छन्। झापा क्षेत्र नम्बर ५ बाट निर्वाचित शाहले सोमबार आयोगमा विवरण बुझाएका हुन्। प्रतिनिधि सभा निर्वाचनमा उनले एमाले अध्यक्ष केपी शर्मा ओलीलाई भारी मतान्तरले पराजित गरेका थिए। शाहले निर्वाचन प्रचार-प्रसारमा १४ लाख रुपैयाँ हाराहारी खर्च भएको विवरण बुझाएका छन्।

आयोगमा बुझाइएको विवरणअनुसार सबैभन्दा बढी रकम वडास्तरीय प्रचार कार्यक्रम तथा घरदैलो अभियानमा खर्च भएको देखिन्छ। १५ दिनसम्म सञ्चालन गरिएको घरदैलो कार्यक्रमका लागि करिब ५ लाख ८० हजार रुपैयाँ खर्च भएको उल्लेख छ।

त्यसैगरी सवारी साधन भाडामा करिब २ लाख ९३ हजार खर्च भएको विवरणमा उल्लेख गरिएको छ। कार्यालय सञ्चालन (पानी खर्च) शीर्षकमा दुई महिनामा करिब १ लाख २० हजार रुपैयाँ खर्च भएको देखिएको छ। त्यस्तै, प्रचार-प्रसार सामग्री छपाइ (फ्लेक्स तथा ब्यानर) मा करिब १ लाख ५७ हजार खर्च भएको विवरणमा उल्लेख छ।

यसका अतिरिक्त हवाई भाडा, मतदाता प्रशिक्षण कार्यक्रम, नमुना मतपत्र छपाइ, स्टेशनरी खर्च तथा मनोनयन दर्ता शुल्कलगायत शीर्षकमा पनि रकम खर्च भएको विवरण बुझाइएको छ। कुल मिलाएर शाहले निर्वाचन प्रचार-प्रसारका विभिन्न शीर्षकमा करिब १४ लाख १७ हजार रुपैयाँ खर्च भएको विवरण आयोगमा पेश गरेका छन्। निर्वाचन ऐनअनुसार प्रतिनिधिसभा सदस्यका उम्मेदवारहरूले निर्वाचन सम्पन्न भएपछि आफ्नो खर्च विवरण निर्वाचन आयोगमा अनिवार्य रूपमा बुझाउनुपर्ने व्यवस्था छ।

लगातारको सर्किट ब्रेकपछि सेयर कारोबार बन्द

काठमाडौं, फागुन २५ । नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा लगातार तेस्रो सकारात्मक सर्किट लागेसँगै सोमबारको कारोबार बन्द गरिएको छ। सोमबार नेप्से परिसूचक १६२ दशमलव ९३ अङ्कले बढेर दुई हजार ८७५ दशमलव ४३ को बिन्दुमा कायम भएको छ । यो छ प्रतिशतको वृद्धि हो । प्रतिनिधिसभा सदस्य निर्वाचनपछि पहिलो दिन खुलेको बजारमा लगानीकर्तामा उत्साह देखिएको हो।

सोमबार बजार खुलेलगत्तै नेप्से परिसूचकमा चार प्रतिशतको वृद्धि अर्थात् पहिलो सकारात्मक सर्किट लागेसँगै २० मिनेटका लागि कारोबार रोकिएको थियो। त्यस्तै, ११ बजेर २१ मिनेटमा कारोबार खुलेको एक मिनेटभित्रै दोस्रोपटक सकारात्मक सर्किट लागेको थियो । परिसूचकमा पाँच प्रतिशतको वृद्धि देखिएपछि ४० मिनेटका लागि कारोबार रोकिएको थियो।

त्यस्तै,नेप्सेपरिसूचकमा१२बजेर १ मिनेटमा छ प्रतिशतको वृद्धि अर्थात् तेस्रोपटक सकारात्मक सर्किट लागेपछि दिनभरिको कारोबार स्थगित गरिएको नेप्सेले जनाएको छ। हाल कार्यान्वयनमा रहेको 'सर्किट ब्रेक'सम्बन्धी व्यवस्थाअनुसार कारोबार सुरु भएको पहिलो घण्टामा नेप्से परिसूचक चार प्रतिशतले घटे वा बढेमा २० मिनेटसम्म कारोबार बन्द गर्ने व्यवस्था छ। त्यस्तै, दोस्रो घण्टामा पाँच प्रतिशतले घटे वा बढेमा ४० मिनेट र तेस्रो घण्टा वा त्यसपछिको समयमा ६ प्रतिशतले घटे वा बढेमा बाँकी पूरै दिनको कारोबार स्थगित गरिने व्यवस्था रहेको छ।

सोमबार २६१ कम्पनीको ११ लाख ४३ हजार ७६७ कित्ता शेयर चार हजार ५१ पटक खरिद-बिक्री हुँदा रु.५५ करोड ५९ लाख ६३ हजार ८९४ बराबरको कारोबार भएको छ । सोमबारको कारोबारमा बैङ्किङ ६ दशमलव ९२, विकास बैङ्क पाँच दशमलव ९१, वित्त पाँच दशमलव ४७, होटल तथा पर्यटन पाँच दशमलव ७३, जलविद्युत् छ दशमलव ८१ र लगानी समूह सात दशमलव ०६ प्रतिशतले बढेको छ।

त्यस्तै, जीवन बिमा चार दशमलव ६७, उत्पादन तथा प्रशोधन पाँच दशमलव ३०, लघुवित्त चार दशमलव ०७, म्युचुअल फन्ड शून्य दशमलव १८, निर्जीवन बिमा तीन दशमलव ७४, व्यापार सात दशमलव ७३ र अन्य समूह पाँच दशमलव ५६ प्रतिशतले बढेको हो।

रुकुम पश्चिममा नौ जना उम्मेदवारको जमानत जफत

रुकुम, फागुन २५ । रुकुम पश्चिमका १२ मध्ये नौ उम्मेदवारको जमानत जफत भएको छ। यही फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा सदस्यको निर्वाचनमा प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ७१ (१) बमोजिम कुल सदर मतको १० प्रतिशत मत प्राप्त गर्न नसकेपछि नौ उम्मेवादरको धरौटी जफत भएको हो। कुल सदर मतको १० प्रतिशत मत प्राप्त गर्न नसकेपछि नौ उम्मेदवारको जमानत जफत भएको सहायक निर्वाचन अधिकृत मन्दिरा शाहीले जानकारी दिइन्। जिल्लामा ६२ हजार ९६७ मत खसेकामा कुल ५९ हजार ५२३ मत सदर भएको छ। यसको १० प्रतिशत अर्थात् पाँच हजार ९५३ मत ल्याउन नसक्दा नौ उम्मेदवारको जमानत जफत भएको हो। जमानत (धरौटी) जफत हुनेमा राष्ट्रिय स्वतन्त्र पार्टीका मानबहादुर शाही, नेकपा (एमाले) का नन्दराम देवकोटा, नेकपा (माओवादी) का चन्द्रबहादुर बुढा, राष्ट्रिय प्रजातन्त्र पार्टीका गोपाल खड्का, राष्ट्रिय जनमोर्चाका सत्यनारायण श्रेष्ठ, उज्यालो नेपाल पार्टीका नरेन्द्र केसी, नेकपा (संयुक्त) का शेरबहादुर केसी, आम जनता पार्टीकी प्रेमा दमाई नेपाली र नेपाल मजदुर किसान पार्टीका धनबहादुर किक रहेका छन्।

राष्ट्रिय स्वतन्त्र पार्टीका शाहीले चार हजार ७६, नेकपा (एमाले) का देवकोटाले एक हजार ८६९, नेकपा (माओवादी) का बुढाले ३६६, राष्ट्रिय प्रजातन्त्र पार्टीका खड्काले २२८, राष्ट्रिय जनमोर्चाका श्रेष्ठले १७०, उज्यालो नेपाल पार्टीका केसीले ८४, नेकपा (संयुक्त) का केसीले ५४, आमजनता पार्टीका नेपालीले ४५ र नेपाल मजदुर किसान पार्टीका विकिले १५ मत प्राप्त गरेका थिए।

रुकुम पश्चिमबाट विजयी नेपाली कम्युनिष्ट पार्टी (नेकपा) का गोपाल शर्माले २१ हजार ६०९, नेपाली कांग्रेसका उम्मेदवार राजु केसीले १६ हजार ६६१ र प्रगतिशील लोकतान्त्रिक पार्टी उम्मेदवार जनार्दन शर्माले १४ हजार ३४६ मत ल्याएका थिए । निर्वाचन ऐनको दफा ७) (१) अनुसार प्रत्यक्ष निर्वाचनमा सहभागी उम्मेदवारले रु. १० हजार धरौटी राख्नुपर्ने व्यवस्था छ।

शिलबन्दी दरभाउपत्र प्रक्रियाबाट वन पैदावार लिलाम बिक्री सम्बन्धी सूचना

तेस्रो पटक सूचना प्रकाशित मितिः २०८२/११/२६ गते

यस सामुदायिक वन उपभोक्ता समूहको मिति २०८२/१०/१२ गतेको मेचीकाली राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशीत सुचना बमोजिम साल, धौटी, बर्रो, प्रजातिका २४८ थानको १९२०.३५ परिमाण भएको लट नं. ५ मा रितपूर्वक पुग्न आएका बोलपत्रहरुमा पुनः प्रतिस्पर्धा नभएको हुदा तेस्रो पटक सुचना प्रकाशित गरिएको हो । ईच्छुक वन पैदावारको लिलाम बिक्रीमा भाग लिनका लागि डिभिजन वन कार्यालयमा सुचीकृत भएका सःमिल वा कम्पनीले यो तेस्रो पटक सुचना प्रकाशित भएको मितिले १५ (पन्धै) दिनभित्र शिलबन्दी बोलपत्र खरिद गर्न र १६ दिनभित्र शिलबन्दी बोलपत्र दर्ता गर्न आह्वान गरिन्छ। यस सम्बन्धी बिस्तृत जानकारीको लागी यस सामुदायिक वन उपभोक्ता समूहको कार्यलयमा सम्पर्क राख्न सकिनेछ। पुर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटिमा टाँस गरिएको छ।

श्री जनमुखी सामुदायिक वन उपभोक्ता समूह
राप्तीसोनारी-०२, बाँके

हेल्थ कार्ड हराएको सुचना

मेरो श्रीमतीको नामको निम्न व्यहोराको भारतीय भूपू सैनिकको हेल्थ कार्ड मिति २०८२।११।२३ गते ओमसतिया गापा १ कटैयादेखि मेडिकल कलेज भैरहवातर्फ जादै गर्दा हराएको हुनाले फेला पार्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहोला ।

श्रीमतीको नामः मुना थापा हेल्थ कार्ड नं.: ००००७०९१२९०
ठेगानाः ओमसतिया-१, रुपन्देही
सम्पर्कः कुल बहादुर थापा (श्रीमान)
मो. नं.: ९८४१६०३९४०

इट्टा चाहिएमा !

तपाईहरुको शहर भैरहवा बुटवलमा बलियो, भरपर्दो तथा टिकाउ L.B.F. मार्का इट्टा चाहिएमा तुरुन्त सम्पर्क गर्नुहोला ।

LBF मार्का LBF

सम्पर्कः पडसरी-५, ठुटीपिपल, रुपन्देही
फोनः ९८५७०२३३२०, ९८५७०२३९१८, ९८५७०२३८१३ फयाक्टी
नोटः पाल्पा, स्याङ्जा, गुल्मी, अर्घाखाची लगायत अन्य जिल्लाहरुमा पनि ट्रकमा पठाउने व्यवस्था छ ।